# स्थानीय राजपत्र

## मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

खण्डः ३, वर्षः ३ अषाढ, २५ गते २०७६ साल संख्या : ३

भाग १

**मुसिकोट नगर सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७६

**प्रस्तावनाः** मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मुसिकोट नगर सभाको स्वकृतिको लागि यो विधेयक बनाएइको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ श्रावण १ गतेदेखि लागु हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका

निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६४,०१,२५,०००। (अक्षेरुपी ६४ करोड १ लाख २५ हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर कार्यपालिकाबाट निर्णय गराई नगर सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

# अनुसूचि-१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | १४,१६,४८,०००। | २३,५९,७७,०००। | | ३७,७६,२५,०००। |
| २ | | वडा समिति | ८,००,४०,००। | ३,६१,९६,०००। | | ४४२०००००। |
| ३ | | बिषयगत शाखा | २१,८३,००,०००। | ० | ० | २१,८३,००,०००। |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | ० |
| ५ | | लगानी ( शेयर/ऋण) | ० | ० | ० | ० |
| | | | ३६,७९,५२,०००। | २७,२१,७३,००० | | ६४,०१,२५,००० |

प्रमाणीकरण मिति : २०७६ अषाढ २५ गते

आज्ञाले
(माधव प्रसाद शर्मा)
प्रमुख प्रशासकीय अधिकृत